MBK JCL
ESTD. 2010
मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

महाराजगञ्ज, काठमाडौं

MADHYA BHOTEKOSHI JALAVIDYUT COMPANY LIMITED

Maharajgunj, Kathmandu

PAN No.:304954751

प.लि.नं. १३४५/०६७/६८
प.सं. ०८१/८३ च.नं. ९३३

मिति: २०८३।०१।२९

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरबार प्लाजा, काठमाडौं ।

विषय: आ.व.२०८२।०८३ को तेस्रो त्रैमासिक प्रतिवेदन पठाइएको बारे।

उपरोक्त सम्बन्धमा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) सँग सम्बन्धित अनुसूची-१४ अनुसारको यस कम्पनीको आ.व.२०८२।०८३ को तेस्रो त्रैमासिक प्रतिवेदन र नियम २६ को उपनियम (५) सँग सम्बन्धित अनुसूची-१६ मुताबिकको विवरणहरु तहाँको जानकारीको लागि पठाइएको व्यहोरा अनुरोध छ । साथै, सर्वसाधारणको जानकारीको लागि मिति २०८३।०१।२९ (आज) को नयाँ पत्रिका राष्ट्रिय दैनिक मा अनुसूची-१४ बमोजिमको प्रतिवेदन प्रकाशित गरिएको व्यहोरा समेत अनुरोध छ ।

(राम गोपाल शिवाकोटी)
प्रमुख कार्यकारी अधिकृत

बोधार्थ:

श्री विद्युत नियमन आयोग, सानो गौचरण, काठमाडौं ।
श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।
श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
श्री विद्युत विकास विभाग, सानो गौचरण, काठमाडौं।
श्री उद्योग विभाग, त्रिपुरेश्वर, काठमाडौं ।
श्री सि.डि.एस. एण्ड क्लियरिङ लि., पुतलीसडक, काठमाडौं ।
श्री कर्मचारी सञ्चय कोष, पुल्चोक, ललितपुर।
श्री नेपाल विद्युत प्राधिकरण, दरबारमार्ग, काठमाडौं ।
श्री ग्लोबल आइएमई क्यापिटल लि. नक्साल, काठमाडौं ।
श्री चिलिमे जलविद्युत कम्पनी लि., धुम्बाराही, काठमाण्डौं ।
श्री सिन्धुपाल्चोक हाइड्रोपावर कम्पनी लि., कोटेश्वर, काठमाडौं ।
श्री नेपाल अरनिको हाइड्रोपावर कम्पनी लि., बालुवाटार, काठमाण्डौं ।
श्री सिन्धु इन्भेष्टमेन्ट कम्पनी प्रा. लि., तिनकुने, काठमाण्डौं ।
श्री सिन्धु भोटेकोशी हाइड्रोपावर लि., भोटेकोशी गाउँपालिका, चाकु, सिन्धुपाल्चोक ।

फोन नं.: ४७२१६४१/४७२१६४२
फ्याक्स: ४७२१६४३
ई मेल: admin@mbjcl.com.np
पो.ब.नं. २३५९९, काठमाण्डौ ।
Web Site: www.mbjcl.com.np

Madhya Bhotekoshi Jalavidyut Company Ltd.
Maharajgunj, Kathmandu

Statement of Financial Position (Unaudited) as on 30th Chaitra 2082 (13th April, 2026)
(3rd Quarter of FY 2082/83)

(Rs. '000)

Particulars	2082.12.30 (13.04.2026)	2082.09.30 (14.01.2026)	2081.12.31 (13.04.2025)
Assets			
Non-Current Assets			
Property, Plant & Equipment	21,551,357.18	21,793,092.92	463,143.04
Capital Work-in-Progress	186,335.37	101,982.38	20,683,203.53
Total Non-Current Assets(A)	**21,737,692.55**	**21,895,075.30**	**21,146,346.57**
Current Assets			
Inventory	865.71	909.21	787.26
Accounts Receivables	450,586.77	446,116.09	-
Advances, Deposits and Other Receivables	124,380.21	379,962.09	113,010.50
Investment in Term Deposits	-	-	-
Cash and Cash Equivalents	61,700.25	94,984.18	97,917.25
Total Current Assets (B)	**637,532.94**	**921,971.57**	**211,715.01**
Total Assets (A+B)	**22,375,225.49**	**22,817,046.87**	**21,358,061.58**
Equity and Liabilities			
Equity			
Share Capital	6,000,000.00	6,000,000.00	6,000,000.00
Retained Earnings	(318,100.35)	(333,618.14)	(380,637.08)
Total Equity (C)	**5,681,899.65**	**5,666,381.86**	**5,619,362.92**
Non-current Liabilities			
Long-term Borrowing	15,708,054.20	16,415,742.04	15,090,562.92
Total Non-current Liabilities (D)	**15,708,054.20**	**16,415,742.04**	**15,090,562.92**
Current Liabilities			
Short-term Borrowing	450,000.00	200,000.00	-
Provisions	2,954.03	2,869.28	2,897.78
Trade and Other Payables	532,318.31	532,054.40	645,237.95
Total Current Liabilities (E)	**985,272.34**	**734,923.68**	**648,135.73**
Total Equity and Liabilities (C+D+E)	**22,375,225.49**	**22,817,046.87**	**21,358,061.58**

Statement of Financial Performance (Unaudited)
Upto 30th Chaitra, 2082 (13th April, 2026)
(3rd Quarter of FY 2082/83)

(Rs '000)

Particulars	FY 2082/083 (Upto Chaitra) (2025/026)	FY 2082/083 (Upto Poush) (2025/026)	FY 2081/082 (Upto Chaitra) (2024/025)
Income			
Revenue from sale of electricity	1,429,765.01	810,448.27	-
Direct Expenses	(98,861.85)	(70,641.57)	-
Royalty Expenses	(29,783.34)	(19,608.97)	-
Gross Profit	**1,301,119.82**	**720,197.73**	-
Other Operating Expenses			
Employee Benefit Expenses	(17,842.03)	(12,626.90)	(29,520.74)
Administrative Expenses	(14,940.04)	(10,101.93)	-
Depreciation	(511,817.32)	(269,340.50)	(458.89)
Operating Profit/ (Loss) (A)	**756,520.43**	**428,128.40**	**(29,979.63)**
Finance Income	1,102.57	840.02	2,509.35
Other Income	129.27	35.00	50.00
Total Income (B)	**1,231.84**	**875.02**	**2,559.35**
Finance Cost	(681,010.62)	(367,779.57)	-
Profit/ (Loss) Before tax and Bonus (A - B)	**76,741.66**	**61,223.86**	**(27,420.28)**
Employee Bonus			
Profit/ (Loss) Before tax	**76,741.66**	**61,223.86**	**(27,420.28)**
Less: Tax			
Current year tax	-	-	22.03
Prior year Tax	-	-	48.94
Net Profit/ (Loss) for the period	**76,741.66**	**61,223.86**	**(27,491.25)**

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम (१) अनुसूची-१४ अनुसार कम्पनीको आ.व. २०८२।०८३ को तेश्रो त्रैमासिक प्रतिवेदन ।

१. वित्तिय विवरण:

(क) तेश्रो त्रैमासिक अवधिको संक्षिप्त वासलात र नाफा/(नोक्सान) सम्बन्धी विवरणहरू यसै साथ संलग्न गरिएको छ ।

(ख) प्रमुख वित्तीय सूचकहरू निम्नानुसार रहेका छन् :

विवरण	२०८२।८३ चैत्र मसान्त	२०८१।८२ चैत्र मसान्त
प्रतिशेयर आम्दानी (वार्षिकीकरण गरिएको)	१.७१	(०.६१)
प्रतिशेयर नेटवर्थ	९४.७	९३.६६
मूल्य आम्दानी अनुपात (P/E Ratio)*	१७७.२५	(५१३.७४)

विवरण	२०८२।८३ चैत्र मसान्त	२०८१।८२ चैत्र मसान्त
प्रतिशेयर कुल सम्पत्तिको मूल्य	३७३	३५५.९७
तरलता अनुपात	०.६	०.३३

** (P/E Ratio गणना गर्दा त्रैमासिकको अन्तिम बजार मूल्य लाई आधार मानिएको छ ।)*

आ.व. २०८२।८३ को दोश्रो त्रैमासिकबाट कम्पनी पूर्ण रूपमा उत्पादन चरणमा प्रवेश गरेकोले अघिल्लो वर्षको सोही अवधिको तथ्याङ्कसँग तुलना गर्दा स्वाभाविक भिन्नता देखिएको छ । कम्पनीको चुक्ता पूँजीबाट वासलातमा देखिएको सञ्चित नोक्सानी (Accumulated Loss) घटाउँदा कायम हुन आउने कुल नेटवर्थलाई कुल शेयर संख्याले भाग गर्दा प्रति शेयर नेटवर्थ निकालिएको छ । कम्पनीको कर्पोरेट कार्यालयको खर्चको कारण सञ्चित नोक्सानी देखिएकाले शेयरको किताबी मूल्य (Face Value) रू. १०० बाट घट्न गई रू. ९४.७ कायम हुन पुगेको छ । समीक्षा अवधिमा नाफा/नोक्सान हिसाबले देखाएको खुद नाफा वा नोक्सानलाई कुल शेयर संख्याले भाग गरी प्रति शेयर आम्दानी गणना गरिएको छ । व्यावसायिक उत्पादनको प्रारम्भिक चरण भएको र वित्तीय खर्चको भारका कारण यसको प्रभाव प्रति शेयर आम्दानीमा देखिएको छ ।

२. व्यवस्थापकीय विश्लेषण :

(क) आयोजनाबाट व्यापारिक उत्पादन: कम्पनीको १०२ मेगावाट क्षमताको सिन्धुपाल्चोक जिल्ला अवस्थित मध्य भोटेकोशी जलविद्युत आयोजनाले मिति २०८२ असोज २० गतेदेखि व्यापारिक उत्पादन (Commercial Operation) सुरु गरी आयोजना सञ्चालन चरणमा प्रवेश गरेकोले उक्त अवधिसम्म भएका आयोजनाका सम्पूर्ण खर्चहरू पूँजीकरण गरिएको छ । कम्पनीको जोखिम प्रोफाइल (निर्माणाकालिन जोखिमबाट सञ्चालनकालिन जोखिममा) रूपान्तरण भईसकेको छ । यस त्रैमासिक (माघ देखि चैत्रमसान्तसम्म) को पूर्ण अवधि विद्युत उत्पादन तथा बिक्री भएकोले कम्पनीले रू.१ अर्ब ४२ करोड ९७ लाख आम्दानी गर्न सफल भएको छ । निर्माण चरणबाट सञ्चालन चरणमा प्रवेश गरे सँगै कम्पनी नाफामा गएको छ ।

(ख) आयोजनाको व्यावसायिक सञ्चालन र लेखांकन पद्धतिमा परिवर्तन:
आयोजना निर्माणको चरण सम्पन्न भई मिति २०८२ असोज २० गतेदेखि व्यावसायिक उत्पादन (Commercial Operation Date – COD) सुरु भएको छ । व्यावसायिक उत्पादन सुरु हुनु अगाडिसम्म आयोजना स्थलमा हुने सम्पूर्ण खर्चहरूलाई चालू पुँजीगत कार्य (Capital Work–in–Progress – CWIP) अन्तर्गत देखाउने गरिएकोमा, COD पश्चातका सम्पूर्ण प्रशासनिक तथा सञ्चालन खर्चहरूलाई नाफा-नोक्सान हिसाबमा खर्चको रूपमा लेखांकन गरिएको छ । साथै, बैंक ब्याज तथा अन्य स्रोतबाट प्राप्त हुने आम्दानीलाई नाफा-नोक्सान हिसाबमा अन्य आय (Other Income) को रूपमा देखाउने व्यवस्थालाई निरन्तरता दिइएको छ । कर्मचारी सञ्चय कोषबाट लिइएको कर्जाको ब्याजलाई COD मितिभन्दा अगाडिसम्म पूँजीकरण गरी चालू पूँजीगत खातामा देखाइएको थियो । व्यावसायिक उत्पादन सुरु भएपश्चात्को ब्याज रकमलाई भने सिधै नाफा-नोक्सान हिसाबमा वित्तीय खर्च (Finance Cost) को रूपमा लेखांकन गरिएको छ ।

(ग) कर्जा तथा वित्तीय दायित्वको अवस्था:
आयोजनाको निर्माण सम्पन्न भई व्यापारिक उत्पादन सुरु भएसँगै कम्पनीले आफ्नो वित्तीय दायित्व व्यवस्थापन र कर्जा भुक्तानी प्रक्रियालाई उच्च प्राथमिकतामा राखेको छ । यस त्रैमासिक अवधिसम्मको कर्जा तथा वित्तीय दायित्वको संक्षिप्त विवरण निम्नानुसार रहेको छ:

- आयोजना निर्माणका लागि कर्मचारी सञ्चय कोषसँग विभिन्न चरणमा भएका ऋण सम्झौता बमोजिम २०८२ आश्विन मसान्तसम्मको ब्याज पूँजीकरण सहित यस कम्पनीको कोषतर्फको कुल ऋण दायित्व रु. १५,५१,५७,४२,०४३।०५ पुगेकोमा आ.व. २०८२।८३ को पौष मसान्तमा प्रथम किस्ता वापत रु. ५६,८०,२०,८७७१४ र चैत्र मसान्तमा दोश्रो किस्ता बापत रु. ५४,८९,१९,१४५।६१ गरी ऋणको साँवा ब्याज सहित कुल रु. १,११,६९,४०,०२२।७५ कोषलाई फिर्ता भुक्तानी गरिसकिएको छ । कोषसँग लिइएको दीर्घकालीन कर्जाको ब्याजदर तेस्रो त्रैमासबाट लागू हुने गरी वार्षिक ७.५ प्रतिशत कायम भएकोमा हाल मिति २०८३।०१।०१ बाट लागू हुने गरी वार्षिक ६.७५ प्रतिशत ब्याजदर कायम भएको छ ।
- कम्पनीको दैनिक प्रशासनिक, कार्य सञ्चालन तथा मर्मत खर्च व्यवस्थापन र नगद प्रवाह सन्तुलनका लागि मुख्य प्रवर्द्धक संस्था चिलिमे जलविद्युत कम्पनी लि. र नबिल बैंक लि.बाट आवश्यकता अनुसार अल्पकालीन कर्जा लिने गरिएको छ ।

(घ) कम्पनीको नाफा र नगद प्रवाहमा प्रतिकूल असर पर्ने खालको घटना र अवस्था हालसम्म देखिएको छैन । तर मानवीय नियन्त्रण भन्दा बाहिरको दैवी प्रकोप (काबू बाहिर) को असर भने सदा रहिरहने छ ।

(ङ) आगामी अवधिको व्यवसायिक योजना: आयोजना सञ्चालन चरणमा प्रवेश गरिसकेको हुँदा, विद्युत् उत्पादनलाई अधिकतम बिन्दुमा राख्दै सञ्चालन लागतलाई न्यूनीकरण गर्ने कम्पनीको रणनीति रहेको छ। प्राप्त आम्दानीबाट नियमित सञ्चालन खर्च एवं कर्मचारी सञ्चय कोष लगायतका ऋणदाताहरूको साँवा र ब्याज भुक्तानी गरी कम्पनीको नगद प्रवाह सन्तुलित र सुदृढ बनाउने तर्फ व्यवस्थापन केन्द्रित रहेको छ। साथै, निर्माण प्रकृतिका बाँकी रहेका अन्य खर्चहरू क्रमशः पूँजीकरण हुँदै जाने र विद्युत् बिक्री मार्फत नियमित आम्दानी प्राप्त हुने भएकाले यसअघिका प्रतिवेदनहरूमा देखिने गरेका सञ्चित नोक्सानी उल्लेख्य रूपमा कम हुँदै जाने हुँदा यसबाट निकट भविष्यमै प्रति शेयर आम्दानी, प्रति शेयर नेटवर्थ र शेयरधनीहरूको प्रतिफल जस्ता वित्तीय सूचकहरूमा सकारात्मक सुधार आउने अपेक्षा गरिएको छ।

३. कानुनी कारबाही सम्बन्धी विवरण :

समीक्षा अवधिमा कम्पनीले कसैको विरुद्ध मुद्दा दायर गरेको वा कम्पनी विरुद्ध कुनै संस्थागत मुद्दा दायर भएको गरिएको छैन। साथै, कम्पनीका संस्थापक वा सञ्चालकले वा निजहरू विरुद्ध प्रचलित कानून उल्लङ्घन गरेको आरोपमा कुनै मुद्दा दायर भएको वा कारबाही भएको जानकारी नभएको।

४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :

(क) शेयरको बजार मूल्यमा असाधारण तरिकाले थप/घट हुने गरी कम्पनी व्यवस्थापनबाट कुनै कार्यहरू भएका छैनन्। आयोजनाको व्यापारिक उत्पादन शुरु भइसकेकोले कम्पनीले उप्रान्त नियमित आम्दानी प्राप्त गर्ने हुँदा ऋणदातालाई नियमित किस्ता भुक्तानी गरी लगानीकर्ताहरुलाई समेत आगामी वर्षमा प्रतिफल उपलब्ध गराउन सकिने अपेक्षा व्यवस्थापनले लिएको छ।

(ख) त्रैमासिक अवधिको सेयर कारोबार सम्बन्धी विवरण:

शेयरको अधिकतम मूल्य (रू.)	शेयरको न्यूनतम मूल्य (रू.)	शेयरको अन्तिम मूल्य (रू.)	कारोवार भएको कुल दिन	कारोवार संख्या	कारोबार भएको कुल शेयर संख्या
३३३	२७७.१०	३०३.१०	५३	२७,५४६	४६,३७,८९९

५. समस्या र चुनौती :

(क) आन्तरिक समस्या तथा चुनौती: आयोजना व्यापारिक सञ्चालनको प्रारम्भिक चरणमा रहेको हुँदा, विद्युतीय तथा मेकानिकल उपकरणहरूमा आउन सक्ने प्राविधिक समस्याहरूको तत्काल पहिचान र समाधान गरी विद्युत् उत्पादनलाई निरन्तरता दिनु मुख्य चुनौती रहेको छ। विशेषगरी हिउँदको सुख्खायाम (Dry Season) सँगै नदीमा पानीको बहाव घट्न गई आयोजनाले पूर्ण क्षमतामा उत्पादन दिन नसक्ने प्राकृतिक सीमालाई मध्यनजर गर्दै, उपलब्ध पानीको अधिकतम उपयोग गरी प्लान्टको उपलब्धता (Plant Availability) सुनिश्चित गर्न उपयुक्त मर्मत-सम्भार तालिका कार्यान्वयनमा ल्याइएको छ। इलेक्ट्रो-मेकानिकल उपकरणहरूको नियमित मर्मत (Preventive Maintenance) र आवश्यक स्पेयर पार्ट्सको पर्याप्त मौज्दात कायम राख्नु समेतलाई कम्पनीले प्राथमिकतामा राखेको छ।

(ख) बाह्य समस्या तथा चुनौती: बाह्य चुनौतीका रूपमा नेपाल विद्युत् प्राधिकरणको बाह्रबिसे सब-स्टेसन सञ्चालनमा आई नसकेको वर्तमान अवस्थामा हाल वैकल्पिक व्यवस्था (न्यू खिम्ती सब-स्टेसन) मार्फत विद्युत् प्रवाह भइरहेको र विद्युत् खरिद बिक्री सम्झौता (Power Purchase Agreement, PPA) बमोजिम 'Take and Pay' को प्रावधान लागू भइरहेको सन्दर्भमा, बाह्रबिसे सब-स्टेसन निर्माणमा हुने ढिलाइले पूर्ण क्षमताको विद्युत् निकासी र आम्दानीमा असर पर्न सक्ने जोखिम विद्यमान रहेको। यसका साथै, वित्तीय बजारमा हुने ब्याज दरको उतारचढावले समेत वित्तीय व्यवस्थापनमा चुनौतीको रूपमा देखिएको छ।

(ग) नगद प्रवाह र वित्तीय व्यवस्थापन रणनीति: समीक्षा अवधिमा कम्पनीले विद्युत् बिक्रीबाट आम्दानी गर्न सफल भएको छ। यद्यपि, आयोजना पूँजीकरण भएसँगै अबका दिनमा नाफा-नोक्सान हिसाबमा ह्रासकट्टी र ब्याज खर्चको ठूलो भार देखिने हुँदा आम्दानी र खर्चको सन्तुलन मिलाई नगद प्रवाह व्यवस्थापन गर्नु मुख्य कार्यभार रहेको छ।

(घ) बिमा तथा जोखिम व्यवस्थापन: सम्भावित प्राकृतिक तथा प्राविधिक जोखिमहरूबाट आयोजनालाई सुरक्षित राख्न कम्पनीले प्राथमिकता दिएको छ। यसअन्तर्गत आयोजनाका सम्पूर्ण भौतिक संरचना तथा उपकरणहरूको Property All Risks, Machinery Breakdown, Loss of Revenue / Third Party Liability लाई समेट्ने गरी यस आ.व. को दोस्रो त्रैमासिकमै वृहत्तर बिमा (Comprehensive Insurance) सम्पन्न गरिसकिएको छ। साथै, आयोजना व्यापारिक उत्पादनमा

MBJCL ESTD. 2010 मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

गइसकेको भए तापनि हाल त्रुटि सच्याउने अवधि (Defect Liability Period – DLP) चालू रहेको र सो अवधिभर सिभिल एवं इलेक्ट्रोमेकानिकल ठेकेदारहरूले समेत आ-आफ्नो दायित्व अन्तर्गतको बिमा (Insurance) कायम राखेको हुँदा आयोजनाको सम्पत्ति तथा उपकरणहरू थप सुरक्षित रहेका छन् ।

६. संस्थागत सुशासन :

कम्पनीको आर्थिक तथा प्रशासनिक कार्यहरूलाई सुव्यवस्थित र पारदर्शी बनाउनका लागि आर्थिक प्रशासन तथा खरिद विनियमावली एवं कर्मचारी सेवा शर्त विनियमावलीको अधिनमा रही समस्त प्रशासनिक र वित्तीय कार्यहरू सम्पादन गर्ने गरिएको छ । सञ्चालक समितिले स्वीकृत गरेको दरबन्दीको अधीनमा रही अत्यावश्यक कर्मचारी मात्र भर्ना गरी कार्यालय सञ्चालन गरिएको छ । कम्पनीका मुख्य प्रवर्द्धक संस्था नेपाल विद्युत प्राधिकरणबाट दुई जना एवं चिलिमे जलविद्युत कम्पनी लि.को सहायक कम्पनी चिलिमे इन्जिनियरिङ एण्ड सर्भिसेस कम्पनी लि. (Chilime Engineering and Services Co. Ltd., Chesco) बाट एक जना कर्मचारी काजमा आई कार्यरत रहेका छन् । साथै, आउटसोर्सिंग सम्झौता गरी Chesco मार्फत आवश्यक प्राविधिक कर्मचारीहरू उपलब्ध गराई प्लान्टको सञ्चालन एवं मर्मत सम्भारको कार्य अगाडि बढाइएको छ । कम्पनी ऐन, २०६३ को प्रावधान बमोजिम लेखापरीक्षण समिति गठन गरिएको छ । त्यसै गरी पदपूर्ति समिति, खरिद मूल्यांकन उप-समिति तथा आवश्यकता अनुसार अन्य उप-समितिहरूको गठन गरिएको छ । कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाउन स्वतन्त्र आन्तरिक लेखापरीक्षक मार्फत लेखापरीक्षण गराउने व्यवस्था मिलाइएको छ भने धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय र नेप्सेका निर्देशनहरूको समयमै पालना गर्ने गरिएको छ । संस्थागत विकास एवं सुदृढीकरण अन्तर्गत विभिन्न किसिमका अध्ययन, तालिम, तथा गोष्ठीहरू जस्ता विषयलाई पनि प्राथमिकता दिई कार्यान्वयन गरिएको छ ।

७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण:

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उदघोष गर्दछु कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्णतामा आधारित भनी विश्वाश लिएको छु । लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन । थप जानकारीको आवश्यकता महशुस गरी कम्पनीमा सम्पर्क राख्न आउने लगानीकर्ताहरुको कदमलाई सधै स्वागत योग्य ठान्ने छु ।

अनुसूची– १६
(धितोपत्र निष्काशन तथा दर्ता नियमावली, २०७३ को
नियम २६ को उपनियम (५) सँग सम्बन्धित)
विशेष घटना वा परिस्थिती सम्बन्धी विवरण
तुरुन्तै जानकारी गराउनु पर्ने घटनाहरु:

१. संगठित संस्थाको विनियममा संशोधन भएमा- छैन ।
२. तात्विक असर पर्ने व्यवसायिक सम्झौता (Material Business Agreement) -छैन ।
३. तात्विक असर पर्ने व्यवसायीक सम्झौता (Material Business Agreement) को समाप्ती-छैन ।
४. तात्विक असर पार्ने सम्पत्ति (Material Assets) खरिद/विक्री सम्बन्धी विवरण-छैन ।
५. कुनै वित्तीय दायित्व, जमानत वा अन्य सम्भावित दायित्व सम्बन्धी विवरण - छैन ।
६. व्यवसाय/सेवाबाट वर्हिगमन सम्बन्धी विवरण -छैन ।
७. सम्पत्तिको पुर्नमूल्यांकन सम्बन्धी विवरण - आयोजना सम्पन्न भई सो अवधि (२०८२।०६।१९) सम्म लेखांकन भएका खर्च रकमहरु यस आ.व.को प्रथम त्रैमासिकमा पूँजीकरण भएको ।
८. लेखापरीक्षक परिवर्तन भएमा - आ.व.२०८२।०८३ को आय व्यय हिसाब लेखापरीक्षण गर्ने लेखापरीक्षक श्री सुजित वाग्ले, S.A.N.S. Associates, Chartered Accountants, महाराजगञ्ज, काठमाडौंलाई कम्पनीको मिति २०८२ पौष २७ मा सम्पन्न पछिल्लो वार्षिक साधारण सभा (१३औं तथा १४औं) बाट नियुक्त गरिएको ।

९. संगठित संस्थाको सञ्चालक वा उच्च व्यवस्थापकीय तहका अधिकृतको परिवर्तन भएमा-

- यस कम्पनीको सञ्चालक समितिमा ऋणदाता संस्था कर्मचारी सञ्चय कोषबाट स्थायी आमन्त्रित प्रतिनिधिको रूपमा मनोनित गरी पठाइएका कोषका मुख्य प्रबन्धक श्री ध्रुव भट्टराईज्यू मिति २०८२।०७।२२ देखि कोषको सेवाबाट निवृत्त हुनुभएकोले निजको प्रतिनिधित्व स्वतः समाप्त भएको हुँदा वहाँको स्थानमा कोषका मुख्य प्रबन्धक सि.ए. श्री ध्रुव प्रसाद अधिकारीलाई मनोनयन गरी पठाइएको व्यहोरा सञ्चालक समितिले मिति २०८२।१०।२१ को ३८९ बैठकमा जानकारीमा लिई स्वागत गरिएको ।
- यस कम्पनीको प्रवर्द्धक संस्था चिलिमे जलविद्युत कम्पनी लि.को तर्फबाट सो संस्थाका सञ्चालक श्री फणिन्द्र राज जोशीज्यूलाई यस कम्पनीको सञ्चालक समितिमा संस्थागत प्रतिनिधि तोकी पठाइएकोले मिति २०८२।११।२८ गते उहाँले सञ्चालक पदको सपथ लिनु भई सोही मितिको सञ्चालक समितिको ३९०औं बैठकमा उहाँलाई सञ्चालकको रुपमा स्वागत गरी सञ्चालक पदको कार्यभार सम्हाल्नु भएको ।
- यस कम्पनीमा प्रवर्द्धक संस्था चिलिमे जलविद्युत कम्पनी लि. को तर्फबाट प्रतिनिधित्व गर्दै आउनुभएका सञ्चालक समितिका अध्यक्ष श्री तुलसीराम ढकालज्यूले आफ्नो व्यक्तिगत व्यस्तता तथा अन्य विशेष कार्यभारका कारण सञ्चालक पद यथावत् रहने गरी सञ्चालक समितिको अध्यक्ष पदबाट मिति २०८२।११।२९ मा दिनुभएको राजीनामा सञ्चालक समितिको मिति २०८२।१२।०१ को ३९१औं बैठकमा स्वीकृत भई रिक्त हुन आएको सञ्चालक समितिको अध्यक्ष पदमा प्रवर्द्धक संस्था चिलिमे जलविद्युत कम्पनी लि. बाटै यस कम्पनीको सञ्चालक पदमा मनोनित भई आउनुभएका सञ्चालक श्री फणिन्द्र राज जोशीज्यू सञ्चालक समितिको सोही मितिको बैठक देखि लागू हुने गरी अध्यक्ष पदमा सर्वसम्मतिले चयन गर्ने निर्णय भएको ।
- यस कम्पनीको प्रमुख कार्यकारी अधिकृत पदमा कार्यरत श्री राम गोपाल शिवाकोटीसँग मिति २०७७।१२।०९ मा गरिएको करार सेवा सम्झौताको म्याद मिति २०८२।१२।०९ मा सकिन लागेको परिप्रेक्ष्यमा सञ्चालक समितिको मिति २०८२।१२।०६ को ३९२औं बैठकको निर्णयानुसार थप ६ (छ) महिनाका लागि नवीकरण (म्याद थप) गरिएको ।
- यस कम्पनीको वित्त महाशाखा प्रमुखको जिम्मेवारीमा रहनुभएका श्री टीकादत्त ढकाल मिति २०८२।१२।१९ मा नेपाल विद्युत प्राधिकरणमा काज फिर्ता हुनुभएकोले सञ्चालक समितिको मिति २०८२।१२।१९ गतेको ३९३औं बैठकको निर्णयानुसार नेपाल विद्युत प्राधिकरणबाट यस कम्पनीमा काज खटिई आउनुभएका लेखा अधिकृत श्री प्रकाश कुँवरलाई मिति २०८२।१२।२० गतेदेखि लागू हुने गरी यस कम्पनीको वित्त अधिकृत पदमा पदस्थापन गरी, कम्पनीको आर्थिक प्रशासन विनियमावली, २०७१ को विनियम १५ बमोजिमको वित्त प्रमुखको काम, कर्तव्य र अधिकार प्रयोग गर्ने गरी सम्पूर्ण जिम्मेवारी तोकिएको ।

१०. संगठित संस्थाको नियन्त्रणमा परिवर्तन भएमा - छैन ।
११. शेयरपूँजीको स्वामित्व संरचना परिवर्तन भएमा - छैन ।
१२. व्यवसायको प्रकृति परिवर्तन भएमा - छैन ।

१३. लाभांश घोषणा वा पूँजी संरचना परिवर्तन भएमा - छैन ।
१४. शेयरवालाको अधिकारमा तात्विक असर पर्ने गरी हेरफेर भएमा - छैन ।
१५. प्रतिफलको लागि शेयर निष्काशन गरेमा - छैन ।
१६. संगठित संस्थाले दायर गरेको वा संगठित संस्था विरुद्ध दायर भएको मुद्दा - छैन ।
१७. संगठित संस्थाबाट जारी गरिएको सूचना - छैन ।
१८. पूर्वघोषित वित्तिय विवरणहरु त्रुटी भएमा - आवश्यकता अनुसार परिमार्जन गर्ने गरिएको छ ।
१९. ठेगाना परिवर्तन भएमा - छैन ।
२०. व्यवसाय सञ्चालन हुन नसक्ने वा खारेजी - छैन ।
२१. नामसारी दाखिल खारेज बन्द - छैन ।
२२. कुनै असामान्य घटना र संगठित संस्थामा परेको असर-छैन ।
२३. आर्थिक वर्ष समाप्त भएको छ महिना समाप्त भैसक्दा पनि वार्षिक साधारण सभा नभएमा- छैन ।
यस कम्पनीको आ.व.२०८०।०८१ एवं आ.व.२०८१।८२ को लेखा परीक्षण भएका वित्तीय विवरण सहितको वार्षिक प्रतिवेदन स्वीकृतिका लागि मिति २०८२ पौष २७ गते कम्पनीको १३औं तथा १४औं वार्षिक साधारण सभा सम्पन्न भएको ।
२४. सूचिकरण खारेज भएको सूचना वा सूचिकरण हुन आवश्यक कुरा पुरा गर्न नसकेमा - छैन ।
२५. संगठित संस्थाको शेयरको मूल्यमा तात्विक प्रभाव पार्ने त्यस्तै अन्य कुनै घटना - आयोजना सम्पन्न भई मिति २०८२ असोज २० गते देखि व्यापारिक उत्पादन शुरु भएको ।



Madhya Bhotekoshi Jalavidyut Company Limited

Maharajgunj, Kathmandu

Statement of Financial Position (Unaudited)

As on 30th Chaitra 2082 (13th April 2026) (3rd Quarter of FY 2082/83)

(Rs.'000)

Particulars	2082.12.30 (13.04.2026)	2082.09.30 (14.01.2026)	2081.12.31 (13.04.2025)
Assets			
Non-Current Assets			
Property, Plant & Equipment	21,551,357.18	21,793,092.92	463,143.04
Capital Work-in-Progress	186,335.37	101,982.38	20,683,203.53
Total Non-Current Assets(A)	**21,737,692.55**	**21,895,075.30**	**21,146,346.57**
Current Assets			
Inventory	865.71	909.21	787.26
Accounts Receivables	450,586.77	446,116.09	-
Advances, Deposits and Other Receivables	124,380.21	379,962.09	113,010.50
Investment in Term Deposits	-	-	-
Cash and Cash Equivalents	61,700.25	94,984.18	97,917.25
Total Current Assets (B)	**637,532.94**	**921,971.57**	**211,715.01**
Total Assets (A+B)	**22,375,225.49**	**22,817,046.87**	**21,358,061.58**
Equity and Liabilities			
Equity			
Share Capital	6,000,000.00	6,000,000.00	6,000,000.00
Retained Earnings	(318,100.35)	(333,618.14)	(380,637.08)
Total Equity (C)	**5,681,899.65**	**5,666,381.86**	**5,619,362.92**
Non-current Liabilities			
Long-term Borrowing	15,708,054.20	16,415,742.04	15,090,562.92
Total Non-current Liabilities (D)	**15,708,054.20**	**16,415,742.04**	**15,090,562.92**
Current Liabilities			
Short-term Borrowing	450,000.00	200,000.00	-
Provisions	2,954.03	2,869.28	2,897.78
Trade and Other Payables	532,318.31	532,054.40	645,237.95
Total Current Liabilities (E)	**985,272.34**	**734,923.68**	**648,135.73**
Total Equity and Liabilities (C+D+E)	**22,375,225.49**	**22,817,046.87**	**21,358,061.58**

(Rs.'000)

Statement of Financial Performance (Unaudited)

Upto 30th Chaitra 2082 (13th April 2026) (3rd Quarter of FY 2082/83)

Particulars	FY 2082/083 (Upto Chaitra) (2025/026)	FY 2082/083 (Upto Poush) (2025/026)	FY 2081/082 (Upto Chaitra) (2024/025)
Income			
Revenue from sale of electricity	1,429,765.01	810,448.27	-
Direct Expenses	(98,861.85)	(70,641.57)	-
Royalty Expenses	(29,783.34)	(19,608.97)	-
Gross Profit	**1,301,119.82**	**720,197.73**	**-**
Other Operating Expenses			
Employee Benefit Expenses	(17,842.03)	(12,626.90)	(29,520.74)
Administrative Expenses	(14,940.04)	(10,101.93)	-
Depreciation	(511,817.32)	(269,340.50)	(458.89)
Operating Profit/ (Loss) (A)	**756,520.43**	**428,128.40**	**(29,979.63)**
Finance Income	1,102.57	840.02	2,509.35
Other Income	129.27	35.00	50.00
Total Income (B)	1,231.84	875.02	2,559.35
Finance Cost	(681,010.62)	(367,779.57)	-
Profit/ (Loss) Before tax and Bonus (A-B)	**76,741.66**	**61,223.86**	**(27,420.28)**
Employee Bonus	-	-	-
Profit/ (Loss) Before tax	**76,741.66**	**61,223.86**	**(27,420.28)**
Less: Tax			
Current year tax	-	-	22.03
Prior year Tax	-	-	48.94
Net Profit/ (Loss) for the period	**76,741.66**	**61,223.86**	**(27,491.25)**

मिति २०८३।०१।२९ गते मंगलबारको "नयाँ पत्रिका" राष्ट्रिय दैनिक मा प्रकाशित

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) अनुसूची-१४ अनुसार कम्पनीको आ.व. २०८२/०८३ को तेश्रो त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण**

(क) तेश्रो त्रैमासिक अवधिको संक्षिप्त वासलात र नाफा/(नोक्सान) सम्बन्धी विवरणहरू यसै साथ संलग्न गरिएको छ ।

(ख) **प्रमुख वित्तीय सूचकहरू निम्नानुसार रहेका छन्** :

विवरण	२०८२।८३ चैत्र मसान्त	२०८१।८२ चैत्र मसान्त
प्रति शेयर आम्दानी (वार्षिकीकरण गरिएको)	१.७१	(०.६१)
प्रतिशेयर नेटवर्थ	९४.७	९३.६६
मूल्य आम्दानी अनुपात (P/E Ratio)*	१७७.२५	(५१३.७४)
प्रति शेयर कुल सम्पत्तिको मूल्य	३७३	३५५.९७
तरलता अनुपात	०.६	०.३३

*(P/E Ratio गणना गर्दा त्रैमासिकको अन्तिम बजार मूल्य लाई आधार मानिएको छ ।)

आ.व. २०८२।८३ को दोश्रो त्रैमासिकबाट कम्पनी पूर्ण रूपमा उत्पादन चरणमा प्रवेश गरेकोले अघिल्लो वर्षको सोही अवधिको तथ्याङ्कसँग तुलना गर्दा स्वाभाविक भिन्नता देखिएको छ । कम्पनीको चुक्ता पूँजीबाट वासलातमा देखिएको सञ्चित नोक्सानी (Accumulated Loss) घटाउँदा कायम हुन आउने कुल नेटवर्थलाई कुल शेयर संख्याले भाग गर्दा प्रति शेयर नेटवर्थ निकालिएको छ । कम्पनीको कर्पोरेट कार्यालयको खर्चको कारण सञ्चित नोक्सानी देखिएकाले शेयरको किताबी मूल्य (Face Value) रू. १०० बाट घट्न गई रू. ९४.७ कायम हुन पुगेको छ । समीक्षा अवधिमा नाफा/नोक्सान हिसाबले देखाएको खुद नाफा वा नोक्सानलाई कुल शेयर संख्याले भाग गरि प्रति शेयर आम्दानी गणना गरिएको छ । व्यावसायिक उत्पादनको प्रारम्भिक चरण भएको र वित्तीय खर्चको भारका कारण यसको प्रभाव प्रति शेयर आम्दानीमा देखिएको छ ।

२. **व्यवस्थापकीय विश्लेषण:**

(क) **आयोजनाबाट व्यापारिक उत्पादन:** कम्पनीको १०२ मेगावाट क्षमताको सिन्धुपाल्चोक जिल्ला अवस्थित मध्य भोटेकोशी जलविद्युत आयोजनाले मिति २०८२ असोज २० गतेदेखि व्यापारिक उत्पादन (Commercial Operation) सुरु गरी आयोजना सञ्चालन चरणमा प्रवेश गरेकोले उक्त अवधिसम्म भएका आयोजनाका सम्पूर्ण खर्चहरू पूँजीकरण गरिएको छ । कम्पनीको जोखिम प्रोफाइल (निर्माणाकालिन जोखिमबाट सञ्चालनकालिन जोखिममा) रूपान्तरण भईसकेको छ । यस त्रैमासिक (माघ देखि चैत्रमसान्तसम्म) को पूर्ण अवधि विद्युत उत्पादन तथा बिक्री भएकोले कम्पनीले रू.१ अर्ब ४२ करोड ९७ लाख आम्दानी गर्न सफल भएको छ । निर्माण चरणबाट सञ्चालन चरणमा प्रवेश गरेसँगै कम्पनी नाफामा गएको छ ।

(ख) **आयोजनाको व्यावसायिक सञ्चालन र लेखांकन पद्धतिमा परिवर्तन:** आयोजना निर्माणको चरण सम्पन्न भई मिति २०८२ असोज २० गतेदेखि व्यावसायिक उत्पादन (Commercial Operation Date -COD) सुरु भएको छ । व्यावसायिक उत्पादन सुरु हुनु अगाडिसम्म आयोजना स्थलमा हुने सम्पूर्ण खर्चहरूलाई चालू पुँजीगत कार्य (Capital Work-in-Progress - CWIP) अन्तर्गत देखाउने गरिएकोमा, COD पश्चातका सम्पूर्ण प्रशासनिक तथा सञ्चालन खर्चहरूलाई नाफा-नोक्सान हिसाबमा खर्चको रूपमा लेखांकन गरिएको छ । साथै, बैंक ब्याज तथा अन्य स्रोतबाट प्राप्त हुने आम्दानीलाई नाफा-नोक्सान हिसाबमा अन्य आय (Other Income) को रूपमा देखाउने व्यवस्थालाई निरन्तरता दिइएको छ । कर्मचारी सञ्चय कोषबाट लिइएको कर्जाको ब्याजलाई COD मितिभन्दा अगाडिसम्म पूँजीकरण गरी चालू पूँजीगत खातामा देखाइएको थियो । व्यावसायिक उत्पादन सुरु भए पश्चात्को ब्याज रकमलाई भने सिधै नाफा-नोक्सान हिसाबमा वित्तीय खर्च (Finance Cost) को रूपमा लेखांकन गरिएको छ ।

(ग) **कर्जा तथा वित्तीय दायित्वको अवस्था:** आयोजनाको निर्माण सम्पन्न भई व्यापारिक उत्पादन सुरु भएसँगै कम्पनीले आफ्नो वित्तीय दायित्व व्यवस्थापन र कर्जा भुक्तानी प्रक्रियालाई उच्च प्राथमिकतामा राखेको छ । यस त्रैमासिक अवधिसम्मको कर्जा तथा वित्तीय दायित्वको संक्षिप्त विवरण निम्नानुसार रहेको छः

- आयोजना निर्माणका लागि कर्मचारी सञ्चय कोषसँग विभिन्न चरणमा भएका ऋण सम्झौता बमोजिम २०८२ आश्विन मसान्तसम्मको ब्याज पूँजीकरण सहित यस कम्पनीको कोषतर्फको कुल ऋण दायित्व रु. १५,५१,५७,४२,०४३।०५ पुगेकोमा आ.व. २०८२।८३ को पौष मसान्तमा प्रथम किस्ता वापत रु. ५६,८०,२०,८७७।१४ र चैत्र मसान्तमा दोश्रो किस्ता बापत रु. ५४,८९,१९,१४५।६१ गरी ऋणको साँवा ब्याज सहित कुल रु. १,११,६९,४०,०२२।७५ कोषलाई फिर्ता भुक्तानी गरिसकिएको छ । कोषसँग लिइएको दीर्घकालीन कर्जाको ब्याजदर तेस्रो त्रैमासबाट लागू हुने गरी वार्षिक ७.५ प्रतिशत कायम भएकोमा हाल मिति २०८३।०१।०१ बाट लागू हुने गरी वार्षिक ६.७५ प्रतिशत ब्याजदर कायम भएको छ।
- कम्पनीको दैनिक प्रशासनिक, कार्य सञ्चालन तथा मर्मत खर्च व्यवस्थापन र नगद प्रवाह सन्तुलनका लागि मुख्य प्रवर्द्धक संस्था चिलिमे जलविद्युत कम्पनी लि. र नबिल बैंक लि.बाट आवश्यकता अनुसार अल्पकालीन कर्जा लिने गरिएको छ ।

(घ) कम्पनीको नाफा र नगद प्रवाहमा प्रतिकूल असर पर्ने खालको घटना र अवस्था हालसम्म देखिएको छैन । तर मानवीय नियन्त्रण भन्दा बाहिरको दैवी प्रकोप (काबू बाहिर) को असर भने सदा रहिरहने छ ।

(ङ) **आगामी अवधिको व्यवसायिक योजना:** आयोजना सञ्चालन चरणमा प्रवेश गरिसकेको हुँदा, विद्युत् उत्पादनलाई अधिकतम बिन्दुमा राख्दै सञ्चालन लागतलाई न्यूनीकरण गर्ने कम्पनीको रणनीति रहेको छ । प्राप्त आम्दानीबाट नियमित सञ्चालन खर्च एवं कर्मचारी सञ्चय कोष लगायतका ऋणदाताहरूको साँवा र ब्याज भुक्तानी गरी कम्पनीको नगद प्रवाह सन्तुलित र सुदृढ बनाउने तर्फ व्यवस्थापन केन्द्रित रहेको छ । साथै, निर्माण प्रकृतिका बाँकी रहेका अन्य खर्चहरू क्रमशः पूँजीकरण हुँदै जाने र विद्युत् बिक्री मार्फत नियमित आम्दानी प्राप्त हुने भएकाले यस अघिका प्रतिवेदनहरूमा देखिने गरेका सञ्चित नोक्सानी उल्लेख्य रूपमा कम हुँदै जाने हुँदा यसबाट निकट भविष्यमै प्रति शेयर आम्दानी, प्रति शेयर नेटवर्थ र शेयरधनीहरूको प्रतिफल जस्ता वित्तीय सूचकहरूमा सकारात्मक सुधार आउने अपेक्षा गरिएको छ ।

३. **कानूनी कारवाही सम्बन्धी विवरण:**

समीक्षा अवधिमा कम्पनीले कसैको विरुद्ध मुद्दा दायर गरेको वा कम्पनी विरुद्ध कुनै संस्थागत मुद्दा दायर भएको गरिएको छैन । साथै, कम्पनीका संस्थापक वा सञ्चालकले वा निजहरू विरुद्ध प्रचलित कानून उल्लङ्घन गरेको आरोपमा कुनै मुद्दा दायर भएको वा कारबाही भएको जानकारी नभएको ।

४. **संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण**

(क) शेयरको बजार मूल्यमा असाधारण तरिकाले थप/घट हुने गरी कम्पनी व्यवस्थापनबाट कुनै कार्यहरू भएका छैनन् । आयोजनाको व्यापारिक उत्पादन शुरु भइसकेकोले कम्पनीले उप्रान्त नियमित आम्दानी प्राप्त गर्ने हुँदा ऋणदातालाई नियमित किस्ता भुक्तानी गरी लगानीकर्ताहरूलाई समेत आगामी वर्षमा प्रतिफल उपलब्ध गराउन सकिने अपेक्षा व्यवस्थापनले लिएको छ ।

(ख) **त्रैमासिक अवधिको शेयर कारोबार सम्बन्धी विवरण** :

शेयरको अधिकतम मूल्य (रु.)	शेयरको न्यूनतम मूल्य (रु.)	शेयरको अन्तिम मूल्य (रु.)	कारोबार भएको कुल दिन	कारोबार संख्या	कारोबार भएको कुल शेयर संख्या
३३३	२७७.१०	३०३.१०	५३	२७,५४६	४६,३७,८९९

५. **समस्या तथा चुनौति:**

(क) **आन्तरिक समस्या तथा चुनौती:** आयोजना व्यापारिक सञ्चालनको प्रारम्भिक चरणमा रहेको हुँदा, विद्युतीय तथा मेकानिकल उपकरणहरूमा आउन सक्ने प्राविधिक समस्याहरूको तत्काल पहिचान र समाधान गरी विद्युत् उत्पादनलाई निरन्तरता दिनु मुख्य चुनौती रहेको छ । विशेषगरी हिउँदको सुख्खायाम (Dry Season) सँगै नदीमा पानीको बहाव घट्न गई आयोजनाले पूर्ण क्षमतामा उत्पादन दिन नसक्ने प्राकृतिक सीमालाई मध्यनजर गर्दै, उपलब्ध पानीको अधिकतम उपयोग गरी प्लान्टको उपलब्धता (Plant Availability) सुनिश्चित गर्न उपयुक्त मर्मत-सम्भार तालिका कार्यान्वयनमा ल्याइएको छ । इलेक्ट्रो-मेकानिकल उपकरणहरूको नियमित मर्मत (Preventive Maintenance) र आवश्यक स्पेयर पार्ट्सको पर्याप्त मौज्दात कायम राख्नु समेतलाई कम्पनीले प्राथमिकतामा राखेको छ ।

(ख) **बाह्य समस्या तथा चुनौती:** बाह्य चुनौतीका रूपमा नेपाल विद्युत् प्राधिकरणको बाह्रबिसे सब-स्टेसन सञ्चालनमा आई नसकेको वर्तमान अवस्थामा हाल वैकल्पिक व्यवस्था (न्यू खिम्ती सब-स्टेसन) मार्फत विद्युत् प्रवाह भइरहेको र विद्युत् खरिद बिक्री सम्झौता (Power Purchase Agreement, PPA) बमोजिम 'Take and Pay' को प्रावधान लागू भइरहेको सन्दर्भमा, बाह्रबिसे सब-स्टेसन निर्माणमा हुने ढिलाइले पूर्ण क्षमताको विद्युत् निकासी र आम्दानीमा असर पर्न सक्ने जोखिम विद्यमान रहेको । यसका साथै, वित्तीय बजारमा हुने ब्याज दरको उतारचढावले समेत वित्तीय व्यवस्थापनमा चुनौतीको रूपमा देखिएको छ ।

(ग) **नगद प्रवाह र वित्तीय व्यवस्थापन रणनीति:** समीक्षा अवधिमा कम्पनीले विद्युत् बिक्रीबाट आम्दानी गर्न सफल भएको छ । यद्यपि, आयोजना पूँजीकरण भएसँगै अबका दिनमा नाफा-नोक्सान हिसाबमा ह्रासकट्टी र ब्याज खर्चको ठूलो भार देखिने हुँदा आम्दानी र खर्चको सन्तुलन मिलाई नगद प्रवाह व्यवस्थापन गर्नु मुख्य कार्यभार रहेको छ ।

(घ) **बिमा तथा जोखिम व्यवस्थापन:** सम्भावित प्राकृतिक तथा प्राविधिक जोखिमहरूबाट आयोजनालाई सुरक्षित राख्न कम्पनीले प्राथमिकता दिएको छ । यस अन्तर्गत आयोजनाका सम्पूर्ण भौतिक संरचना तथा उपकरणहरूको Property All Risks, Machinery Breakdown, Loss of Revenue र Third Party Liability लाई समेट्ने गरी यस आ.व. को दोस्रो त्रैमासिक मै वृहत्तर बिमा (Comprehensive Insurance) सम्पन्न गरिसकिएको छ । साथै, आयोजना व्यापारिक उत्पादनमा गइसकेको भए तापनि हाल त्रुटि सच्याउने अवधि (Defect Liability Period - DLP) चालू रहेको र सो अवधिभर सिभिल एवं इलेक्ट्रोमेकानिकल ठेकेदारहरूले समेत आ-आफ्नो दायित्व अन्तर्गतको बिमा (Insurance) कायम राखेको हुँदा आयोजनाको सम्पत्ति तथा उपकरणहरू थप सुरक्षित रहेका छन् ।

६. **संस्थागत सुशासन:**

कम्पनीको आर्थिक तथा प्रशासनिक कार्यहरूलाई सुव्यवस्थित र पारदर्शी बनाउनका लागि आर्थिक प्रशासन तथा खरिद विनियमावली एवं कर्मचारी सेवा शर्त विनियमावलीको अधिनमा रही समस्त प्रशासनिक र वित्तीय कार्यहरू सम्पादन गर्ने गरिएको छ । सञ्चालक समितिले स्वीकृत गरेको दरबन्दीको अधीनमा रही अत्यावश्यक कर्मचारी मात्र भर्ना गरी कार्यालय सञ्चालन गरिएको छ । कम्पनीका मुख्य प्रवर्द्धक संस्था नेपाल विद्युत प्राधिकरणबाट दुई जना एवं चिलिमे जलविद्युत कम्पनी लि.को सहायक कम्पनी चिलिमे इन्जिनियरिङ एण्ड सर्भिसेस कम्पनी लि. (Chilime Engineering and Services Co. Ltd., Chesco) बाट एक जना कर्मचारी काजमा आई कार्यरत रहेका छन् । साथै, आउटसोर्सिंग सम्झौता गरी Chesco मार्फत आवश्यक प्राविधिक कर्मचारीहरू उपलब्ध गराई प्लान्टको सञ्चालन एवं मर्मत सम्भारको कार्य अगाडि बढाइएको छ । कम्पनी ऐन, २०६३ को प्रावधान बमोजिम लेखापरीक्षण समिति गठन गरिएको छ । त्यसै गरी पदपूर्ति समिति, खरिद मूल्यांकन उप-समिति तथा आवश्यकता अनुसार अन्य उप-समितिहरूको गठन गरिएको छ । कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाउन स्वतन्त्र आन्तरिक लेखापरीक्षक मार्फत लेखापरीक्षण गराउने व्यवस्था मिलाइएको छ भने धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय र नेप्सेका निर्देशनहरूको समयमै पालना गर्ने गरिएको छ । संस्थागत विकास एवं सुदृढीकरण अन्तर्गत विभिन्न किसिमका अध्ययन, तालिम, तथा गोष्ठीहरू जस्ता विषयलाई पनि प्राथमिकता दिई कार्यान्वयन गरिएको छ ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण:**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उदघोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्णतामा आधारित भनी विश्वाश लिएको छु । लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन । थप जानकारीको आवश्यकता महशुस गरी कम्पनीमा सम्पर्क राख्न आउने लगानीकर्ताहरुको कदमलाई सधै स्वागत योग्य ठान्ने छु ।

मिति २०८३।०१।२९ गते मंगलबारको "नयाँ पत्रिका" राष्ट्रिय दैनिकमा प्रकाशित

सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२९ वैशाख २०८३, मंगलबार (12 May 2026, Tuesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक २९ ■ पृष्ठ १० nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १

MBK JCL Madhya Bhotekoshi Jalavidyut Company Limited

Maharajgunj, Kathmandu

Statement of Financial Position (Unaudited)

As on 30th Chaitra 2082 (13th April 2026) (3rd Quarter of FY 2082/83)

(Rs.'000)

Particulars	2082.12.30 (13.04.2026)	2082.09.30 (14.01.2026)	2081.12.31 (13.04.2025)
Assets			
Non-Current Assets			
Property, Plant & Equipment	21,551,357.18	21,793,092.92	463,143.04
Capital Work-in-Progress	186,335.37	101,982.38	20,683,203.53
Total Non-Current Assets(A)	**21,737,692.55**	**21,895,075.30**	**21,146,346.57**
Current Assets			
Inventory	865.71	909.21	787.26
Accounts Receivables	450,586.77	446,116.09	-
Advances, Deposits and Other Receivables	124,380.21	379,962.09	113,010.50
Investment in Term Deposits	-	-	-
Cash and Cash Equivalents	61,700.25	94,984.18	97,917.25
Total Current Assets (B)	**637,532.94**	**921,971.57**	**211,715.01**
Total Assets (A+B)	**22,375,225.49**	**22,817,046.87**	**21,358,061.58**
Equity and Liabilities			
Equity			
Share Capital	6,000,000.00	6,000,000.00	6,000,000.00
Retained Earnings	(318,100.35)	(333,618.14)	(380,637.08)
Total Equity (C)	**5,681,899.65**	**5,666,381.86**	**5,619,362.92**
Non-current Liabilities			
Long-term Borrowing	15,708,054.20	16,415,742.04	15,090,562.92
Total Non-current Liabilities (D)	**15,708,054.20**	**16,415,742.04**	**15,090,562.92**
Current Liabilities			
Short-term Borrowing	450,000.00	200,000.00	-
Provisions	2,954.03	2,869.28	2,897.78
Trade and Other Payables	532,318.31	532,054.40	645,237.95
Total Current Liabilities (E)	**985,272.34**	**734,923.68**	**648,135.73**
Total Equity and Liabilities (C+D+E)	**22,375,225.49**	**22,817,046.87**	**21,358,061.58**

(Rs.'000)

Statement of Financial Performance (Unaudited)

Upto 30th Chaitra 2082 (13th April 2026) (3rd Quarter of FY 2082/83)

Particulars	FY 2082/083 (Upto Chaitra) (2025/026)	FY 2082/083 (Upto Poush) (2025/026)	FY 2081/082 (Upto Chaitra) (2024/025)
Income			
Revenue from sale of electricity	1,429,765.01	810,448.27	-
Direct Expenses	(98,861.85)	(70,641.57)	-
Royalty Expenses	(29,783.34)	(19,608.97)	-
Gross Profit	**1,301,119.82**	**720,197.73**	**-**
Other Operating Expenses			
Employee Benefit Expenses	(17,842.03)	(12,626.90)	(29,520.74)
Administrative Expenses	(14,940.04)	(10,101.93)	-
Depreciation	(511,817.32)	(269,340.50)	(458.89)
Operating Profit/ (Loss) (A)	**756,520.43**	**428,128.40**	**(29,979.63)**
Finance Income	1,102.57	840.02	2,509.35
Other Income	129.27	35.00	50.00
Total Income (B)	1,231.84	875.02	2,559.35
Finance Cost	(681,010.62)	(367,779.57)	-
Profit/ (Loss) Before tax and Bonus (A-B)	**76,741.66**	**61,223.86**	**(27,420.28)**
Employee Bonus	-	-	-
Profit/ (Loss) Before tax	**76,741.66**	**61,223.86**	**(27,420.28)**
Less: Tax			
Current year tax	-	-	22.03
Prior year Tax	-	-	48.94
Net Profit/ (Loss) for the period	**76,741.66**	**61,223.86**	**(27,491.25)**

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) अनुसूची-१४ बमोजिम कम्पनीको आ.व. २०८२/०८३ को तेश्रो त्रैमासिक प्रतिवेदन

१. वित्तीय विवरण

(क) तेस्रो त्रैमासिक अवधिको संक्षिप्त वासलात र नाफा/(नोक्सान) सम्बन्धी विवरणहरू यसै साथ संलग्न गरिएको छ।

(ख) प्रमुख वित्तीय सूचकहरू निम्नानुसार रहेका छन् :

विवरण	२०८२।८३ चैत मसान्त	२०८१।८२ चैत मसान्त
प्रति शेयर आम्दानी (वार्षिकीकरण गरिएको)	१.७१	(०.६१)
प्रतिशेयर नेटवर्थ	९४.७	९३.६६
मूल्य आम्दानी अनुपात (P/E Ratio)*	१७७.२५	(५१३.७४)
प्रति शेयर कुल सम्पत्तिको मूल्य	३७३	३५५.९७
तरलता अनुपात	०.६	०.३३

*(P/E Ratio गणना गर्दा त्रैमासिकको अन्तिम बजार मूल्य लाई आधार मानिएको छ।)

आ.व. २०८२।८३ को दोश्रो त्रैमासिकबाट कम्पनी पूर्ण रूपमा उत्पादन चरणमा प्रवेश गरेकोले अघिल्लो वर्षको सोही अवधिको तथ्याङ्कसँग तुलना गर्दा स्वाभाविक भिन्नता देखिएको छ। कम्पनीको चुक्ता पुँजीबाट बासलातमा देखिएको सञ्चित नोक्सानी (Accumulated Loss) घटाउँदा कायम हुन आउने कुल नेटवर्थलाई कुल शेयर संख्याले भाग गर्दा प्रति शेयर नेटवर्थ निकालिएको छ। कम्पनीको कर्पोरेट कार्यालयको खर्चको कारण सञ्चित नोक्सानी देखिएकाले शेयरको किताबी मूल्य (Face Value) रू. १०० बाट घट्न गई रू. ९४.७ कायम हुन पुगेको छ। समीक्षा अवधिमा नाफा/नोक्सान हिसाबले देखाएको खुद नाफा वा नोक्सानलाई कुल शेयर संख्याले भाग गरि प्रति शेयर आम्दानी गणना गरिएको छ। व्यावसायिक उत्पादनको प्रारम्भिक चरण भएको र वित्तीय खर्चको भारका कारण यसको प्रभाव प्रति शेयर आम्दानीमा देखिएको छ।

२. व्यवस्थापकीय विश्लेषण:

(क) आयोजनाबाट व्यापारिक उत्पादनः कम्पनीको १०२ मेगावाट क्षमताको सिन्धुपाल्चोक जिल्ला अवस्थित मध्य भोटेकोशी जलविद्युत आयोजनाले मिति २०८९ असोज २० गतेदेखि व्यापारिक उत्पादन (Commercial Operation) सुरु गरी आयोजना सञ्चालन चरणमा प्रवेश गरेकोले उक्त अवधिसम्म भएका आयोजनाका सम्पूर्ण खर्चहरू पुँजीकरण गरिएको छ। कम्पनीको जोखिम प्रोफाइल (निर्माणकालिन जोखिमबाट सञ्चालनकालिन जोखिममा) रूपान्तरण भईसकेको छ। यस त्रैमासिक (माघ देखि चैत्रमसान्तसम्म) को पूर्ण अवधि विद्युत उत्पादन तथा बिक्री भएकोले कम्पनीले रू.१ अर्ब ४२ करोड ९७ लाख आम्दानी गर्न सफल भएको छ। निर्माण चरणबाट सञ्चालन चरणमा प्रवेश गरेसँगै कम्पनी नाफामा गएको छ।

(ख) आयोजनाको व्यावसायिक सञ्चालन र लेखांकन पद्धतिमा परिवर्तनः आयोजना निर्माणको चरण सम्पन्न भई मिति २०८२ असोज २० गतेदेखि व्यावसायिक उत्पादन (Commercial Operation Date -COD) सुरु भएको छ। व्यावसायिक उत्पादन सुरु हुनु अगाडिसम्म आयोजना स्थलमा हुने सम्पूर्ण खर्चहरूलाई चालू पुँजीगत कार्य (Capital Work-in-Progress - CWIP) अन्तर्गत देखाउने गरिएकोमा, COD पश्चातका सम्पूर्ण प्रशासनिक तथा सञ्चालन खर्चहरूलाई नाफा-नोक्सान हिसाबमा खर्चको रूपमा लेखांकन गरिएको छ। साथै, बैंक ब्याज तथा अन्य स्रोतबाट प्राप्त हुने आम्दानीलाई नाफा-नोक्सान हिसाबमा अन्य आय (Other Income) को रूपमा देखाउने व्यवस्थालाई निरन्तरता दिइएको छ। कर्मचारी सञ्चय कोषबाट लिइएको कर्जाको ब्याजलाई COD मितिभन्दा अगाडिसम्म पुँजीकरण गरी चालू पुँजीगत खातामा देखाइएको थियो। व्यावसायिक उत्पादन सुरु भए पश्चात्को ब्याज रकमलाई भने सिधै नाफा-नोक्सान हिसाबमा वित्तीय खर्च (Finance Cost) को रूपमा लेखांकन गरिएको छ।

(ग) कर्जा तथा वित्तीय दायित्वको अवस्थाः आयोजनाको निर्माण सम्पन्न भई व्यापारिक उत्पादन सुरु भएसँगै कम्पनीले आफ्नो वित्तीय दायित्व व्यवस्थापन र कर्जा भुक्तानी प्रक्रियालाई उच्च प्राथमिकतामा राखेको छ। यस त्रैमासिक अवधिसम्मको कर्जा तथा वित्तीय दायित्वको संक्षिप्त विवरण निम्नानुसार रहेको छः

- आयोजना निर्माणका लागि कर्मचारी सञ्चय कोषसँग विभिन्न चरणमा भएका ऋण सम्झौता बमोजिम २०८२ आश्विन मसान्तसम्मको ब्याज पुँजीकरण सहित यस कम्पनीको कोषतर्फको कुल ऋण दायित्व रु. १५,५१,५७,४२,०४३।०५ पुगेकोमा आ.व. २०८२।८३ को पौष मसान्तमा प्रथम किस्ता वापत रु. ५६,८०,२०,८७७।१४ र चैत्र मसान्तमा दोश्रो किस्ता बापत रु. ५४,८९,१९,१४५।६१ गरी ऋणको साँवा ब्याज सहित कुल रु. १,११,६९,४०,०२२।७५ कोषलाई फिर्ता भुक्तानी गरिसकिएको छ। कोषसँग लिइएको दीर्घकालीन कर्जाको ब्याजदर तेस्रो त्रैमासबाट लागू हुने गरी वार्षिक ७.५ प्रतिशत कायम भएकोमा हाल मिति २०८३।०१।०१ बाट लागू हुने गरी वार्षिक ६.७५ प्रतिशत ब्याजदर कायम भएको छ।
- कम्पनीको दैनिक प्रशासनिक, कार्य सञ्चालन तथा मर्मत खर्च व्यवस्थापन र नगद प्रवाह सन्तुलनका लागि मुख्य प्रवर्द्धक संस्था चिलिमे जलविद्युत कम्पनी लि. र नबिल बैंक लि.बाट आवश्यकता अनुसार अल्पकालीन कर्जा लिन गरिएको छ।

(घ) कम्पनीको नाफा र नगद प्रवाहमा प्रतिकूल असर पर्ने खालको घटना र अवस्था हालसम्म देखिएको छैन। तर मानवीय नियन्त्रण भन्दा बाहिरको दैवी प्रकोप (काबू बाहिर) को असर भने सदा रहिरहने छ।

(ङ) आगामी अवधिको व्यवसायिक योजनाः आयोजना सञ्चालन चरणमा प्रवेश गरिसकेको हुँदा, विद्युत उत्पादनलाई अधिकतम बिन्दुमा राख्दै सञ्चालन लागतलाई न्यूनीकरण गर्ने कम्पनीको रणनीति रहेको छ। प्राप्त आम्दानीबाट नियमित सञ्चालन खर्च एवं कर्मचारी सञ्चय कोष लगायतका ऋणदाताहरूको साँवा र ब्याज भुक्तानी गरी कम्पनीको नगद प्रवाह सन्तुलित र सुदृढ बनाउने तर्फ व्यवस्थापन केन्द्रित रहेको छ। साथै, निर्माण प्रकृतिका बाँकी रहेका अन्य खर्चहरू क्रमशः पुँजीकरण हुँदै जाने र विद्युत बिक्री मार्फत नियमित आम्दानी प्राप्त हुने भएकाले यस अधिका प्रतिवेदनहरूमा देखिने गरेका सञ्चित नोक्सानी उल्लेख्य रूपमा कम हुँदै जाने हुँदा यसबाट निकट भविष्यमै प्रति शेयर आम्दानी, प्रति शेयर नेटवर्थ र शेयरधनीहरूको प्रतिफल जस्ता वित्तीय सूचकहरूमा सकारात्मक सुधार आउने अपेक्षा गरिएको छ।

३. कानूनी कारवाही सम्बन्धी विवरणः

समीक्षा अवधिमा कम्पनीले कसैको विरुद्ध मुद्दा दायर गरेको वा कम्पनी विरुद्ध कुनै संस्थागत मुद्दा दायर भएको गरिएको छैन। साथै, कम्पनीका संस्थापक वा सञ्चालकले वा निजहरू विरुद्ध प्रचलित कानून उल्लङ्घन गरेको आरोपमा कुनै मुद्दा दायर भएको वा कारवाही भएको जानकारी नभएको।

४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण

(क) शेयरको बजार मूल्यमा असाधारण तरिकाले घट/घट हुने गरी कम्पनी व्यवस्थापनबाट कुनै कार्यहरू भएका छैनन्। आयोजनाको व्यापारिक उत्पादन शुरु भइसकेकोले कम्पनीले उप्रान्त नियमित आम्दानी प्राप्त गर्ने हुँदा ऋणदातालाई नियमित किस्ता भुक्तानी गरी लगानीकर्ताहरूलाई समेत आगामी वर्षमा प्रतिफल उपलब्ध गराउन सकिने अपेक्षा व्यवस्थापनले लिएको छ।

(ख) त्रैमासिक अवधिको शेयर कारोबार सम्बन्धी विवरण :

शेयरको अधिकतम मूल्य (रू.)	शेयरको न्यूनतम मूल्य (रू.)	शेयरको अन्तिम मूल्य (रू.)	कारोबार भएको कुल दिन	कारोबार संख्या	कारोबार भएको कुल शेयर संख्या
३३३	२७७.१०	३०३.१०	५३	२७,५४६	४६,३७,८९९

५. समस्या तथा चुनौतीः

(क) आन्तरिक समस्या तथा चुनौतीः आयोजना व्यापारिक सञ्चालनको प्रारम्भिक चरणमा रहेको हुँदा, विद्युतीय तथा मेकानिकल उपकरणहरूमा आउन सक्ने प्राविधिक समस्याहरूको तत्काल पहिचान र समाधान गरी विद्युत उत्पादनलाई निरन्तरता दिनु मुख्य चुनौती रहेको छ। विशेषगरी हिउँदको सुख्खायाम (Dry Season) सँगै नदीमा पानीको बहाव घट्न गई आयोजनाले पूर्ण क्षमतामा उत्पादन दिन नसक्ने प्राकृतिक सीमालाई मध्यनजर गर्दै, उपलब्ध पानीको अधिकतम उपयोग गरी प्लान्टको उपलब्धता (Plant Availability) सुनिश्चित गर्न उपयुक्त मर्मत-सम्भार तालिका कार्यान्वयनमा ल्याइएको छ। इलेक्ट्रो-मेकानिकल उपकरणहरूको नियमित मर्मत (Preventive Maintenance) र आवश्यक स्पेयर पार्ट्सको पर्याप्त मौज्दात कायम राख्नु समेतलाई कम्पनीले प्राथमिकतामा राखेको छ।

(ख) बाह्य समस्या तथा चुनौतीः बाह्य चुनौतीका रूपमा नेपाल विद्युत प्राधिकरणको बाहिरिसे सब-स्टेसन सञ्चालनमा आई नसकेको वर्तमान अवस्थामा हाल वैकल्पिक व्यवस्था (न्यू खिम्ती सब-स्टेसन) मार्फत विद्युत प्रवाह भइरहेको र विद्युत खरिद बिक्री सम्झौता (Power Purchase Agreement, PPA) बमोजिम 'Take and Pay' को प्रावधान लागू भइरहेको सन्दर्भमा, बाहिरिसे सब-स्टेसन निर्माणमा हुने ढिलाइले पूर्ण क्षमताको विद्युत निकासी र आम्दानीमा असर पर्न सक्ने जोखिम विद्यमान रहेको। यसका साथै, वित्तीय बजारमा हुने ब्याज दरको उतारचढावले समेत वित्तीय व्यवस्थापनमा चुनौतीको रूपमा देखिएको छ।

(ग) नगद प्रवाह र वित्तीय व्यवस्थापन रणनीतिः समीक्षा अवधिमा कम्पनीले विद्युत बिक्रीबाट आम्दानी गर्न सफल भएको छ। यद्यपि, आयोजना पुँजीकरण भएसँगै अबका दिनमा नाफा-नोक्सान हिसाबमा ह्रासकट्टी र ब्याज खर्चको ठूलो भार देखिने हुँदा आम्दानी र खर्चको सन्तुलन मिलाई नगद प्रवाह व्यवस्थापन गर्नु मुख्य कार्यभार रहेको छ।

(घ) बिमा तथा जोखिम व्यवस्थापनः सम्भावित प्राकृतिक तथा प्राविधिक जोखिमहरूबाट आयोजनालाई सुरक्षित राख्न कम्पनीले प्राथमिकता दिएको छ। यस अन्तर्गत आयोजनाका सम्पूर्ण भौतिक संरचना तथा उपकरणहरूको Property All Risks, Machinery Breakdown, Loss of Revenue र Third Party Liability लाई समेट्ने गरी यस आ.व. को दोस्रो त्रैमासिक मै वृहत्तर बिमा (Comprehensive Insurance) सम्पन्न गरिसकिएको छ। साथै, आयोजना व्यापारिक उत्पादनमा गइसकेको भए तापनि हाल त्रुटि सच्याउने अवधि (Defect Liability Period - DLP) चालू रहेको र सो अवधिभर सिभिल एवं इलेक्ट्रोमेकानिकल ठेकेदारहरूले समेत आ-आफ्नो दायित्व अन्तर्गतको बिमाः (Insurance) कायम राखेको हुँदा आयोजनाको सम्पत्ति तथा उपकरणहरू थप सुरक्षित रहेका छन्।

६. संस्थागत सुशासनः

कम्पनीको आर्थिक तथा प्रशासनिक कार्यहरूलाई सुव्यवस्थित र पारदर्शी बनाउनका लागि आर्थिक प्रशासन तथा खरिद विनियमावली एवं कर्मचारी सेवा शर्त विनियमावलीको अधिनमा रही समस्त प्रशासनिक र वित्तीय कार्यहरू सम्पादन गर्ने गरिएको छ। सञ्चालक समितिले स्वीकृत गरेको दरबन्दीको अधीनमा रही अत्यावश्यक कर्मचारी मात्र भर्ना गरी कार्यालय सञ्चालन गरिएको छ। कम्पनीका मुख्य प्रवर्द्धक संस्था नेपाल विद्युत प्राधिकरणबाट दुई जना एवं चिलिमे जलविद्युत कम्पनी लि.को सहायक कम्पनी चिलिमे इन्जिनियरिङ एण्ड सर्भिसेस कम्पनी लि. (Chilime Engineering and Services Co. Ltd., Chesco) बाट एक जना कर्मचारी काजमा आई कार्यरत रहेका छन्। साथै, आउटसोर्सिंग सम्झौता गरी Chesco मार्फत आवश्यक प्राविधिक कर्मचारीहरू उपलब्ध गराई प्लान्टको सञ्चालन एवं मर्मत सम्भारको कार्य अगाडि बढाइएको छ। कम्पनी ऐन, २०६३ को प्रावधान बमोजिम लेखापरीक्षण समिति गठन गरिएको छ। त्यसै गरी पदपूर्ति समिति, खरिद मूल्यांकन उप-समिति तथा आवश्यकता अनुसार अन्य उप-समितिहरूको गठन गरिएको छ। कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाउन स्वतन्त्र आन्तरिक लेखापरीक्षक मार्फत लेखापरीक्षण गराउने व्यवस्था मिलाइएको छ भने धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय र नेप्सेका निर्देशनहरूको समयमै पालना गर्ने गरिएको छ। संस्थागत विकास एवं सुदृढीकरण अन्तर्गत विभिन्न किसिमका अध्ययन, तालिम, तथा गोष्ठीहरू जस्ता विषयलाई पनि प्राथमिकता दिई कार्यान्वयन गरिएको छ।

७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषणः

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्णतामा आधारित भनी विश्वास लिएको छु। लगानीकर्ताहरूलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन। थप जानकारीको आवश्यकता महशुस गरी कम्पनीमा सम्पर्क राख्न आउने लगानीकर्ताहरूको कदमलाई सधै स्वागत योग्य ठान्ने छु।